


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १५ गते मंगलबार ❑ 31 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मन्त्रिपरिषद्लाई चाँडो पूर्णता दिने सहमति

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ भदौ**

सत्ता गठबन्धन नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताबीच सरकारलाई चाँडोभन्दा चाँडो पूर्णता दिने सहमति भएको छ।

प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको संयोजकत्वमा प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बसेको गठबन्धनका शीर्ष नेताको बैठकमा सो सहमति भएको हो। बैठकमा समसामयिक राजनीतिक विषयको समीक्षा, मूल्याङ्कन हुनुका साथै गठनबन्धनका शीर्ष नेताहरुले सरकार सञ्चालन सम्बन्धमा प्रधानमन्त्री देउवालाई सुझाव दिनुभएको काँग्रेस महामन्त्री पूर्णबहादुर खड्काले जानकारी दिनुभयो । बैठकमा काँग्रेसका तर्फबाट प्रधानमन्त्री देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री खड्का, नेता कृष्णप्रसाद सिटौला, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपा केन्द्रीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई र अध्यक्ष उपेन्द्र यादवलगायत नेताहरु सहभागी हुनुहुन्थ्यो । मन्त्रिपरिषद् विस्तार हुन ढिलाइ हुनुमा सत्तारुढ दलका नेताहरुले सुरुमा सरुमा जनता समाजवादी पार्टी (जसपा)को आन्तरिक विवादलाई देखाए। ११ साउनमा जसपाको अधिकारिता विवाद टुंगियो, तर श्रेष्ठ बाहेक अरु मन्त्री नियुक्त भएनन् । त्यसपछि प्रधानमन्त्रीलाई मत दिएको तर प्रमुख विपक्षी नेकपा एमालेमै रहेको माधवकुमार नेपाल समूहले सरकारमा जाने वा नजाने निर्णय नगरेका कारण मन्त्रिपरिषद विस्तार हुन नसकेको भनियो । सरकारले दल विभाजनलाई सहज हुने गरी अध्यादेश ल्याएपछि नेता नेपालले २ भदौमा एमाले फुटाएर नेकपा एकीकृत समाजवादी दल दर्ता गरे, जसले निर्वाचन आयोगले ९ भदौमै मान्यता दिएको छ।

तर अझै मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन। सत्तारुढ दलका नेताहरुका अनुसार गठबन्धनका दलहरुले कति र कुन-कुन मन्त्रालय लिने भन्ने समेत टुंगिएको छैन। सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तारुढ गठबन्धनको बैठकमा नेताहरुले मन्त्रिपरिषद् विस्तार गर्न नसक्नु लाजमर्दो भएको स्वीकार गरेका छन्।

## गगनले गरे महामन्त्रीमा उम्मेदवारी घोषणा



**पोखरापत्र संवाददाता**
**पोखरा, १४ भदौ**

नेपाली कांग्रेसका नेता गगनकुमार थापाले सोमबार महामन्त्रीमा उम्मेदवारी दिने घोषणा गरे । मंसिर ९-१३ का लागि तय भएको १४ औं महाधिवेशन निर्धारित मितिमै हुने पक्कापक्की जस्तै भएपछि नेताहरुले उम्मेदवारी सार्वजनिक गर्न लागेका हुन् । सभापतिका उम्मेदवारी दिने तयारीमा रहेका उपसभापति विमलेन्द्र निधिले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीमा ३०३ जना कोरोना संक्रमण मुक्त, ३ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ३०३ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् । यस अवधिमा प्रदेशमा १७० जना सङ्क्रमित थपिएका छन् ।

थपिनेमा कास्कीका ७३, नवलपरासी पूर्वका ३९, गोरखाका, स्याङ्जाका १५, म्याग्दीका सात र तनहुँका छ जना रहेका छन् ।

पछिल्लो २४ घण्टामा प्रदेशमा तीन जनाको मृत्यु भएको स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार मृत्यु हुनेमा स्याङ्जाको वालिङ र गल्याङ नगरपालिकाका एक/एक जना महिला र कास्कीको पोखरा महानगरपालिकाका एक जना पुरुष रहेका छन् । यीसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक जार २९३ जना पुगेको छ।

प्रदेशमा होम आइसोलेशनमा दुई हजार ९११ जना रहेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

## वरिष्ठ नेता खनाल स्वदेश फिर्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ भदौ**

नेकपा (एकीकृत समाजवादी) का वरिष्ठ नेता झलनाथ खनालले कम्युनिष्ट आन्दोलनलाई नयाँ ढङ्गले रुपान्तरित गर्नुपर्ने बताउनुभएको छ।

भारतको नयाँदिल्लीमा स्वास्थ्योपचारपछि सोमबार स्वदेश फर्कनुभएका पूर्वप्रधानमन्त्री खनालले एमालेमा आफूहरूले रगत र पसिना बगाएको भए पनि पछिल्लो समयमा नेतृत्वले त्यसको सम्मान नगरेको आरोप लगाउनुभयो । उहाँले अब आफू पार्टीमा कार्यकारी भूमिका नरही देश र जनताको सेवामा सक्दो सहयोग गर्ने जनाउनुभयो। सत्तरी वर्ष उमेरपछि पार्टीको कुनै पनि कार्यकारी भूमिकामा नरहने व्यवस्थालाई विधानतः लागू गर्नुपर्ने उहाँको भनाइ छ । नेता खनालको आगमनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुग्नुभएका सो पार्टीका अध्यक्ष माधवकुमार नेपालले पार्टी गठन गर्नुपर्ने औचित्यबारे पुस्ट्याइँ दिनुभएको थियो । निर्वाचन आयोगले यही भदौ ९ गते उक्त समाजवादी दललाई मान्यता दिएको थियो।

## ७३ प्रतिशत अन्तर्राष्ट्रिय हवाई यात्रु घटे

**रासस**
**काठमाडौं, १४ भदौ**

कोभिड-१९ महामारीका कारण नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को आर्थिक आम्दानी घटेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर आवतजावत गर्ने हवाई यात्रुको सङ्ख्या पनि उल्लेख्यरुपमा घटेको छ।

कोभिड महामारीले सबैभन्दा बढी प्रभावित बनेको मुलुकको पर्यटन तथा नागरिक उड्डयन क्षेत्रले नराम्ररी क्षति बेहोर्नुपरेको छ। यसमध्ये पनि सबैभन्दा बढी असर हवाई क्षेत्रमा परेको छ। मुलुकको हवाई क्षेत्रको नियामक निकाय प्राधिकरणले महामारी अवधिका दुई आर्थिक वर्षमा ४३ र ७२ प्रतिशत आम्दानी घटेको जनाएको छ । प्राधिकरणले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रगति विवरणमा महामारीका कारण प्राधिकरणको आव २०७६/०७७ को प्रक्षेपित आम्दानी रु १० अर्ब ५४ करोड ४१ लाखभन्दा उक्त आवमा ४३ प्रतिशत र आव २०७७/०७८ मा ७२ प्रतिशत न्यून हुन पुगेको छ।

विसं २०७६ फागुनदेखि विश्वमा देखापरको कोरोनाको महामारीका कारणयसबाटप्राधिकरणकोस्रोतबाट सञ्चालन हुने योजना तथा कार्यक्रम २०७७/०७८ मा समेत प्रभावित भएको प्राधिकरणले जनाएको छ।

नेपाल सरकारको शेयर लगानी तथा दातृ निकायको ऋण सहयोगमा सञ्चालित विमानस्थल पूर्वाधार विकाससँग सम्बन्धित आयोजनामा पनि पटकपटकको बन्दाबन्दी तथा निषेधाज्ञाका कारण काममा अवरोध उत्पन्न भई सम्पन्न हुने चरणमा रहेका आयोजना पछाडि धकेलिन पुगेको प्रतिवेदनमा उल्लेख छ।

कोभिड कहरको नराम्रो असर हवाई यातायात क्षेत्रले बेहोरेको छ। अन्तर्राष्ट्रियतर्फ अघिल्लो वर्षको तुलनामा ७३ दशमलव २७ प्रतिशतले हवाई यात्रु घटेका छन् । प्राधिकरणको वार्षिक प्रतिवेदनअनुसार सन् २०१९ मा अन्तर्राष्ट्रिय उडानतर्फ हवाई यात्रु सङ्ख्या ४१ लाख ३८ हजार ५६३ रहेको थियो भने सन् २०२० मा यो सङ्ख्या ७३.२७ प्रतिशतले घट्न गई ११ लाख पाँच हजार ९२९ कायम हुन पुगेको छ। त्यसैगरी आन्तरिक उडानतर्फ पनि अघिल्लो वर्षको तुलनामा ५९ दशमलव ४६ प्रतिशतले घटेको छ।

सन् २०१९ मा ३१ लाख ८८ हजार ४२९ हवाई यात्रु आवागमन भएकामा सन् २०२० मा यो सङ्ख्या ५९.४६ प्रतिशतले घटेर १२ लाख ९२ हजार ५२१ कायम भएको छ। सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरेको हुँदा उक्त वर्ष उल्लेखनीय सङ्ख्यामा विदेशी यात्रुको आगमन हुने अपेक्षा गरिएकामा कोभिडका कारण हवाई तथा पर्यटन क्षेत्र धराशायी जस्तै हुन पुगेको छ । अन्तर्राष्ट्रिय उडानतर्फ तीन नेपाली वायुसेवा र २७ वटा विदेशी वायुसेवा गरी ३० वटा वायुसेवाले १५ मुलुकको ३२ गन्तव्यमा उडान सञ्चालन गरिरहेका छन् । यस्तै आन्तरिक उडानतर्फ नौ वायुसेवा र १० हेलिकप्टर कम्पनीले सेवा दिइरहेका छन्। नेपालमा विमानस्थलको कूल सङ्ख्या ५४ रहेको छ जसमा ३७ वटा विमानस्थलको धावनमार्ग पक्की रहेको छ । यसमध्ये ३५ वटा विमानस्थल सञ्चालनमा रहेका छन् भने १९ वटा विमानस्थल सञ्चालनमा छैनन्। हाल मुलुकमा एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रहेको छ । थप दुई अन्तर्राष्ट्रिय विमानस्थल क्रमशः गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधीन छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक विमानस्थलका रुपमा विकास गर्ने योजनाअनुरुप अन्तर्राष्ट्रिय टर्मिनल भवन र आन्तरिक टर्मिनल भवनको पुनःनिर्माण (रेनोभेसन) सम्बन्धी कार्य सम्पन्न भएको प्राधिकरणको प्रगति विवरणमा उल्लेख छ।

## मनाङका कर्मचारी कार्यालय फर्कन सकेनन्

**पोखरापत्र संवाददाता**
**मनाङ, १४ भदौ**

गत जेठ १४ र असार १ गते आएको बाढीपहिराका कारण मनाङको सडक पूर्णरुपमा अवरुद्ध छ। बाढीपहिराको जोखिममा परेको विकट हिमाली जिल्ला मनाङका कर्मचारी कार्यालय फर्कन सकेका छैनन्।

आर्थिक वर्षको अन्तिम काम सकाएर घर बिदा तथा काजमा जिल्ला बाहिर गएका कर्मचारी फर्किन नसकेका हुन्। बाढीपहिराले बेँसीशहर-चामे सडक अवरुद्ध छ।


घरबाट कार्यालय जान हिँडेका मनाङका कर्मचारी आधा बाटोमा नै अलपत्र परेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । "बाढीपहिरा र आर्थिक वर्षको अन्तिम काम सकाएर घर बिदामा गएका कर्मचारी फर्किनसकेका छैनन्। सबै कर्मचारी घर बिदामा गएका पनि होइनन्। केही कर्मचारी क्रियाकर्म गर्न पनि गएका छन्। मनाङको सडक अवरुद्ध हुँदा कार्यालयसम्म पुग्न नै सकस भएको छ", प्रजिअ लामिछानेले भन्नुभयो।

बेँसीशहर-चामे सडक खण्डको केही भागमा सडकको निसानासमेत बाढीपहिराले बगाएको छ। सडक अवरुद्ध हुँदा कार्यालयसम्म पुग्न नसकेको सिँचाइ तथा खानेपानी डिभिजन कार्यालय मनाङका प्रमुख ढाकाराम आचार्यले बताउनुभयो।

"घर बिदा र कामले जिल्ला बाहिर गएका मनाङका कर्मचारी बाटोका कारण फर्किन नसकेर आधा बाटोमा अलपत्र परेका छन्", आचार्यले भन्नुभयो । मनाङका कार्यालय तथा चार पालिकाका कर्मचारी कार्यालयमा फर्किन मुस्किल भएको मनाङ डिस्याङ गाउँपालिका शिक्षा शाखा प्रमुख बाबुराम गैह्रेले बताउनुभयो । "कार्यालयमा आउन नसक्दा न त कार्यालयले सेवा प्रवाह गर्न सकेको छ । नत पालिकाको सेवा सहज रुपमा प्रवाह गर्न सकिएको छ। हिँडेरै आउनसमेत सक्ने अवस्था छैन", गैह्रेले भन्नुभयो। कार्यालयमा प्रमुख र कर्मचारी पुग्न नसक्दा स्थानीयवासीले सेवा उपभोग गर्न सकेका छैनन् । कार्यालयमा सेवा लिन पुगेका सेवाग्राही फर्कन बाध्य भएका छन् । केही लमजुङको बेँसीशहर आएर बसेपनि माथि जान नसकेको बताएका छन्।

बाढीपहिराका कारण मनाङमा विद्युतु आपूर्ति पूर्ण रुपमा अवरुद्ध छ । राष्ट्रिय प्रसारण लाइनसँग जोडिएको केही महिनामा नै बाढीपहिराले विद्युत्का पोल, तार, ट्रान्सफर्मरमा क्षति पुऱ्याएको छ । बाढीपहिराले विद्युत् आपूर्ति गर्नका लागि मन्त्रालयलगायत सम्बन्धित निकायसँग समन्वय र सहकार्यका लागि जिल्लाबाट बाहिर आएको भए पनि फर्कन नसकेर बीचमै रोकिएको नेपाल विद्युत् प्राधिकरण मनाङ वितरण केन्द्रका प्रमुख मिलन सुवेदीले बताउनुभयो।

जिल्लाका दैनिक कार्य हुने मालपोत, नापी, घरेलु, वन, खानेपानीलगायतका कार्यालयमा पुग्नसकेकाछैनन्।त्यसैगरीजिल्लाका पालिकाका प्रमुख प्रशासकीय अधिकृत समेत कार्यालसम्म पुग्न सकेका छैनन्।






# सिटी वान टेलिभिजनको परीक्षण प्रसारण सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ भदौ**

सिटी वान टेलिभीजन आजदेखि परीक्षण प्रसारण सुरु भएको छ । "समाचार र मनोरञ्जनका लागी सिटी वान" भन्ने नारा सहित परिक्षण प्रसारण सुरु भएको हो ।

स्टार नेपाल मिडिया हव प्रा.लि द्वारा संचालनमा आएको यो टेलिभिजनको प्रसारण क्लियर टिभीको च्यानल नम्वर ९६३ तथा सामाजिक संजाल युट्युव, फेसवुक पेज मार्फत हेर्न सकिन्छ । टेलिभिजनको स्टुडियोमा सोमबार एक कार्यक्रमको आयोजना गरी प्रा.लि.का अध्यक्ष पवन प्रजापतीले परीक्षण प्रशारणको शुरुवात गर्नुभयो। सो अवसरमा प्रजापतिले टेलिभिजन



गण्डकी प्रदेशका सवै नागरिक तथा दर्शकहरुको आवाज वोल्ने भन्दै संचारको वदलिँदो प्रविधिलाई टेलिभिजनले आत्मसात गर्ने बताउनुभयो। टेलिभिजनले आगामी असोजबाट नियमित प्रसारण गर्ने प्रवन्ध निर्देशक अनिशा श्रेष्ठले जानकारी दिनुभयो। पोखराको नयाँ वजारमा प्रधान कार्यालय रहको टेलिभिजनले सूचना मनोरञ्जन लगायत अन्य क्षेत्रमा पर्दा पछाडि रहेका विषय वस्तुहरुलाई दर्शक माझ आफ्ना कार्यक्रम प्रस्तुत गर्ने जनाएको छ।

# नेपालसित मैत्रीपूर्ण फुटबल खेल्न भारतीय टोली काठमाडौँमा

**रासस**
**काठमाडौं, १४ भदौ**

नेपालसित मैत्रीपूर्ण फुटबल खेल्नका लागि भारतीय टोली आज काठमाडौँ आइपुगेको छ । भारतीय टोलीलाई अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का उपाध्यक्ष शिक्षित पराजुलीलगायतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्नुभयो।

मुख्य प्रशिक्षक इगोर स्टिमाकसहितको २५ सदस्यीय भारतीय टोली नेपालसित दुई मैत्रीपूर्ण खेल खेल्न नेपाल आइपुगेको हो । नेपालले यही भदौ १७ र २० गते त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भारतसित मैत्रीपूर्ण खेल खेल्ने तय भएको छ। भारतीय टोलीमा अमरिन्दर सिंह, धीरज सिंह, गुरप्रितसिंह सन्धु, प्रितम कोतल, चिलेसना सिंह, मन्दरराओ देसाई, आकाश मिश्रा, राहुल भेके, शुभाशिष बोस, सेरिटन फर्नान्डेज, ललेङ माबिआ, विपिन सिंह, अनिरुद्र थापा, सहल अब्दुल सामद, ब्रान्डन फर्नान्डेज, लिस्टन कोलाको, यासिर मोहमद, ग्लान मार्टिन्स, सुरेश सिंह, जेक्सन सिंह, प्रोनय हल्दर, मनवीर सिंह, रहिम अली, सुनिल क्षेत्री र फारुख चौधरी रहनुभएको छ । विमानस्थलमा पत्रकारहरुसित सङ्क्षिप्त कुरा गर्दै भारतीय टोलीका कप्तान सुनिल क्षेत्रीले नेपाली टोली आफ्नो टोलीका लागि कठिन प्रतिद्वन्द्वी भएको प्रतिक्रिया दिनुभयो। उहाँले नेपाली टोलीलाई कमजोर आँक्न नमिल्ने बताउनुभयो । लामो समयसम्म अभ्यास गर्न नपाएको उल्लेख गर्दै कप्तान क्षेत्रीले मैत्रीपूर्ण खेल अभ्यास गर्ने र आफ्नो खेलमा सुधार ल्याउने बताउनुभयो। उहाँले मैत्रीपूर्ण खेल आयोजना गरेकामा एन्फा र नेपाल सरकारलाई धन्यवादसमेत दिनुभयो। नेपाली टोली भने हाल बन्द प्रशिक्षणका लागि कास्कीको पोखरामा रहेको छ । नेपाली टोलीमा किरणकुमार लिम्बू, विशाल श्रेष्ठ, दीप कार्की, विकेश कुथु, सुमन अर्याल, दिनेश राजवंशी, गौतम श्रेष्ठ, अनन्त तामाङ, सुरज जीउ ठकुरी, सुमन लामा, कमल थापा मगर, नितिन थापा, तेज तामाङ, राजन गुरुङ, पूजन उपरकोटी, विशाल राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुनिल बल, मनिष डाँगी, अन्जन विष्ट, आयुष घलान, नवयुग श्रेष्ठ र आशिष लामा रहनुभएको छ। नेपाली टोलीमा रोहित चन्द अनुपस्थित रहनुहुने छ । उहाँ हाल फुटबल खेल्ने सिलसिलामा इन्डोनेशियामा हुनुहुन्छ । नेपाल र भारबीच हालसम्म १९ वटा खेलमा प्रतिस्पर्धा भएकामा भारतले १३ खेलमा जीत हासिल गरेको छ भने नेपाल दुई खेलमा मात्र विजयी भएको छ। दुवै देशले चार खेल बराबरी खेलेका थिए। भारतले नेपालको पोष्टमा ३३ गोल गरेको छ भने नेपालले भारतको पोष्टमा नौ गोल मात्र गर्न सकेको छ। विश्व फुटबल महासङ्घ (फिफा)को वरियताअनुसार पुरुष फुटबल टोलीतर्फ भारत १०५औँ तथा नेपाल १६८औँ स्थानमा रहेका छन्।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अनुसार भारतसितको मैत्रीपूर्ण खेलपछि नेपाली टोली दक्षिण एशियाली फुटबल प्रतियोगिता (साफ)को तयारी गर्न कतारको दोहा जानेछ । नेपाली टोली भदौ २५ गते दोहा प्रस्थान गर्ने तय भएको छ । नेपाली टोलीलाई हाल मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले प्रशिक्षण दिइरहनुभएको छ । साफ च्याम्पियनशिपआगामीअसोजअसोज १५ देखि ३० गतेसम्म माल्दिभ्समा आयोजना हुँदैछ।

# दुई हजार २९५ संक्रमित १६ को मृत्यु

**रासस**
**काठमाडौं, १४ भदौ**

पछिल्लो २४ घण्टामा दुई हजार २९५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। सोह्र हजार २३३ नमूना परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

बितेको २४ घण्टामा एक हजार ८०८ जना सङ्क्रमण मुक्त भएका छन् । सोमबार कोरोना सङ्क्रमणबाट १६ जनाले ज्यान गुमाएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या ३५ हजार ८७४ छ । होम आइसोलेशनमा ३३ हजार ३३३, आइसीयूमा ५६८ र भेन्टिलेटरमा १६० जना रहेका छन् । नेपालमा हालसम्म सात लाख ६१ हजार १२४ जनामा सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमितमध्ये सात लाख १४ हजार ५२० जना निको भइसकेका छन्। पछिल्ला तीन दिनमा पाँच लाख ९७ हजार ५९८ जनाले कोरोना विरुद्धको खोप लगाएका छन्।

# गगनले...

शुक्रबार तामझामका साथ नयाँ बानेश्वरस्थित एक बैंकटमा सम्पर्क कार्यालय खोलेका थिए। सोमबार थापाले उम्मेदवारी घोषणा गरेका छन्। कांग्रेसमा सभापतिपछि दोस्रो कार्यकारी पद हो, महामन्त्री । वरियतामा उपसभापति भन्दा तल भएपनि कांग्रेसमा महामन्त्री पद महत्वपूर्ण मानिन्छ। महाधिवेशनको समीकरण प्रष्ट नभएकाले धेरैले उम्मेदवारी घोषणा गरेका छैनन्। तर महामन्त्रीका आकांक्षी नेताहरुको संख्या पनि ठूलै छ। महामन्त्रीका आकांक्षीमा दोस्रो पुस्ताको बाहुल्यता छ । थापा भने तेस्रो पुस्ताका नेता हुन्।

कांग्रेसले देशैभर यही भदौ १८ गते वडा अधिवेशन गर्दैछ। छ हजार सात सय ४३ वडामा एकैदिन वडा अधिवेशन गर्ने कांग्रेसमा तयारी छ । अहिले कांग्रेसमा ९ लाख क्रियाशील सदस्य छन्, उनीहरू नै वडा अधिवेशनका मतदाता हुन् । यसपटक कांग्रेसमा वडादेखि केन्द्रसम्मै कोषाध्यक्ष बाहेकका पदहरूमा निर्वाचन हुनेछ । अधिवेशनहरू सुरू हुन लागेपछि कांग्रेसमा विभिन्न पदमा उम्मेदवारी दिने लहर नै सुरू भएको छ। केन्द्रीय सदस्य थापाले महामन्त्रीमा उम्मेदवारी दिएपछि यसले चुनावी सरगर्मी झन् बढाएको छ।

# पहिराले दुई जिल्ला जोड्ने सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
**दमौली, १४ भदौ**

केही दिनदेखि परेको वर्षाका कारण पहिरो जाँदा दुई जिल्ला जोड्ने सडक अवरुद्ध भएको छ । निरन्तरको झरीका कारण ठाउँ-ठाउँमा पहिरो गएपछि तनहुँ र स्याङ्जा जोड्ने सडक अवरुद्ध भएको हो। तनहुँको शुक्लागण्डकी दुलेगौँडा ढोरबाराही मोटर मार्गको जुडीफाँट-चिसापानी सडकखण्डको एक दर्जन ठाउँमा पहिरो खसेपछि सडक अवरुद्ध भएको हो । सडक अवरुद्ध हुँदा स्थानीयवासी मर्कामा परेका छन्।

पहिराले सडक अवरुद्ध भएपछि चिसापानी आसपासबाट चल्ने सवारी भानुमति उक्लेर भिमाद हुँदै यात्रा गर्न बाध्य भएको हरिनास गाउँपालिकाका उपाध्यक्ष झनमाया पराजुलीले बताउनुभयो। 'सडक अवरुद्ध हुँदा दुई जिल्लाको जनजीवन प्रभावित भएको छ, निर्माण हुँदै गरेको सडकको धेरै ठाउँमा पहिरा खसेको छ', उहाँले भन्नुभयो।

गत असारको सुरुमै यो सडकखण्डमा दर्जनभन्दा बढी स्थानमा पहिरो गएको थियो । झण्डै एक हप्तापछि पहिरा हटाएर सडकमा सवारी चल्न मिल्ने



बनाइएको थियो । अहिले लगातार परेको अविरल वर्षाले सडक अवरुद्ध भएको पराजुलीले जानकारी दिनुभयो । तनहुँको शुक्लागण्डकी नगरपालिका-१० जुडीफाँटदेखि स्याङ्जाको हरिनास गाउँपालिकाको केन्द्र चित्रेभञ्ज्याङ जोड्ने यो सडक कालोपत्रेका लागि स्तरोन्नतिको काम भइरहेको छ । प्रदेश सरकारको लगानीमा क्याङ्दी खोलामा ४० मिटर लामो पक्की पुल र १६ किलोमिटर सडक कालोपत्रेको काम भइरहेको छ। रु ३२ करोड ६५ लाख ४७ हजार १४९ मा पुल र सडकको काम गोल्डेनगुड बानियाँ जेभीले गरिरहेको छ । पटक-पटक पहिरोले सडकमा क्षति पुग्दा निर्माण कम्पनीले करोडौँको नोक्सानी बेहोर्नुपरेको छ । असारमा मात्रै निर्माण कम्पनीले रु एक करोडको क्षति भोगेको आयोजनाका व्यवस्थापक सन्तोष खड्काले जानकारी दिनुभयो। अहिले सडकमा एक दर्जनभन्दा बढी स्थानमा पहिरो झरेर बाटो पुरिएको छ । उहाँका अनुसार चार ठाउँमा ग्याबिन जाली र चार किलोमिटर ग्राभेल बगाएको छ । 'यसपालि पनि कम्पनीलाई रु एक करोडको हाराहारीमा क्षति भएको छ, क्षतिको विवरण सङ्कलन गरिरहेका छौँ', उहाँले भन्नुभयो, 'विवरण सङ्कलन सकेपछि छिट्टै सडक खुलाएर सवारी चल्न मिल्ने बनाउँछौ।'




# करेन्ट लागेर पोखरा र स्याङ्जाका दुई जनाको धादिङमा मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ भदौ**

लगातार पानी परेर पहिरोले रुख ढलेर एनसेलको तार पन्छाउने क्रममा धादिङमा पोखरा र स्याङजाका दुई जना युवाको मृत्यु भएको छ । सोमबार करिब बिहान ७:०० बजे धादिङको गजुरी गाउँपालिका वडा नं. ५ बञ्चरे (धारापानी) मा एनसेलको तार तान्ने क्रममा पोखराका एक र स्याङजाका एक गरी दुई जना युवाको मृत्यु भएको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा पोखरा महानगरपालिका वडा नं. २२ पुम्दीभुम्दीका २४ वर्षीय उमाकान्त बराल र स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं. ७ का २७ वर्षका विमल परियार रहेको जिल्ला प्रहरी कार्यालय धादिङका डिएसपी युवराज खड्काले बताए।

सो घटनामा परी पोखरा २२ का कबिर २१ बर्षीय भुवन बराल घाइते भएका छन् । उनको गजुरी अस्पतालबाट थप उपचारको लागि काठमाडौं लगिएको बताइएको छ।

दुई जनाको शव गजुरी अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।

# 'ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता श्रीकृष्ण'

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ भदौ**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गर्नुभएको छ।

प्रदेश प्रमुख गुरुङले सोमबार शुभकामना सन्देश व्यक्त गर्दै ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता श्रीकृष्णको जन्मोत्सवका दिन मनाइने यो पर्वले सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगति ल्याओस् भन्ने कामनासहित शुभकामना व्यक्त गर्नुभएको हो । बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त समाजलाई एकताको सुत्रमा आबद्ध गरी धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्न श्रीकृष्ण जन्माष्टमी पर्वले सहयोग पुऱ्याउने उहाँले विश्वास व्यक्त गर्नुभएको छ। मुलुकको सभ्यता र सम्पन्नताका सूचक भाषा, धर्म, कला, संस्कृति, परम्परा तथा रीतिरिवाजलाई जोगाउन सबैको सत्सङ्कल्प, सद्भाव, सद्विचार र सत्कर्मका माध्यमबाट चीरकाल पर्यन्त अक्षुण्ण राख्न सकिने शुभकामना सन्देशमा उल्लेख छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 'कर बढेकोबढ्यै छ, अलिकति त सास फेर्ने ठाउँ दिनुस्'

– रामबहादुर थापा
बागलुङ, १४ भदौ

केही दिनअघि यहाँका युवा व्यवसायी सुवास श्रेष्ठले फेसबुकमा लेखेको 'पोष्ट'ले धेरैको ध्यान खिचेको हुनुपर्छ । सर्रर हेर्दा सामान्यझैँ लागे पनि अन्त्यसम्म पढ्दा स्तब्ध पार्ने खालको छ।

उहाँले लेख्नुभएको छ, "भोलिका दिनमा हामीजस्ता व्यवसायीको केही गरी देह त्याग भएमा कोरोनाले लग्यो रे भनेर झूठो समाचार नबनाइदिनू, त्यो हजूरहरूले बनाएको नियम पालना गर्दा र व्यवसायमा भएको भेदभावका कारण हुन सक्छ ।" उहाँ अघि थप्नुहुन्छ, "१७ महिना भइसक्यो, अझै कहिलेसम्म थेग्ने, भाडा, बैंकको ब्याज, बिजुली, पानी, आय कर बढेकोबढ्यै छ, अलिकति त सास फेर्ने ठाउँ दिनुस्, सारै अटसमटस र उकुसमुकुस भइसक्यो।"

व्यवसायी श्रेष्ठको सो 'पोष्ट' जिल्ला कोभिड-१९ व्यवस्थापन केन्द्रले १५ दिन लामो निषेधाज्ञा खुकुलो पार्ने निर्णय गरेकै साँझ सार्वजनिक भएको थियो । अन्य व्यवसाय खुल्दा पार्टी प्यालेस, चलचित्र घर, नृत्यशाला र जिमखानालगायतमा लगाइएको निरन्तरको रोकप्रति उहाँको दुःखेसो छ। महामारीका कारण डेढ वर्षदेखि व्यवसायमा परेको मर्कालाई उहाँले फेसबुकमार्फत आफ्ना भावनालाई सार्वजनिक गर्नुभएको हो । पीडा र आफ्नो दुःखान्त भोगाइलाई व्यक्त गर्न उहाँले आक्रोशको सहारा लिनुभएको छैन।

"हाम्रो पार्टी प्यालेस, सिनेमा हल, जिम हल, डान्स हलहरू पनि मापदण्ड बनाएर चल्न दिनु पर्ने होइन र ? सम्बन्धित निकायले हाम्रो बारेमा पनि केही सोचिदिनु, बुझिदिनु पर्ने हो", व्यवसायी श्रेष्ठले उल्लेख गर्नुभएको छ । बजार, व्यवसाय चलायमान हुँदा केही क्षेत्रमा भने अहिले पनि प्रतिबन्ध छ । महामारीको जोखिम नटरिसकेको जनाउँदै ती व्यवसायमा बन्देज लगाइराख्ने हो भने आइपर्ने समस्याको समाधानका लागि सम्बन्धित पक्षले जिम्मा लिनुपर्ने उहाँको माग छ।

उहाँले आफूहरू जनस्वास्थ्यका मापदण्ड अपनाएर सुरक्षित तबरले सेवा दिन तयार रहेको बताउनुभयो । ती व्यवसायमा श्रेष्ठको करोडौँ लगानी छ । बागलुङमा मात्र नभएर पोखरामासमेत उहाँको व्यवसाय विस्तारित छ। कैँयनलाई रोजगारी दिलाउँदै आँटिला र उदाउँदा व्यवसायीको चिनारी बनाउनुभएका ३४ वर्षीय श्रेष्ठमाथि महामारीको नमिठो बज्र परेको छ। व्यवसायलाई कसरी टिकाउने भन्ने चुनौती छ । यस्तो पीडा उहाँ एक्लैमाथि मात्र भने छैन। महामारी सुरु भएपछि व्यावसायिक क्षेत्र सबैतिर मारमा छ । गत असरको तह कमीबेँसी चाहिँ छ । अत्यावश्यक सेवाका पसललगायत कतिपय व्यवसाय सधैँ खुल्ने केही भने सधैँ बन्द गर्नुपर्ने स्थितिले व्यवसायी निराश छन्। उनीहरू व्यवसाय सञ्चालनमा भेदभाव गरिएको बताउँछन्। सौन्दर्य व्यवसाय, सैलुन, फुटपाथमा पनि अहिले रोक छ । व्यवसायीको माग र दबाब बढेपछि होटल, रेष्टुराँ व्यवसाय भने खुलेका छन् । सङ्क्रमण स्थिर भएर स्थिति केही सहज बन्दै गएकाले अब विस्तारै सबै व्यवसायलाई चलायमान बनाउनुपर्ने बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष युवराज राजभण्डारीले बताउनुभयो। "पार्टी प्यालेससहित कतिपय व्यवसाय सञ्चालनमा सरकारले नै रोक लगाएकाले जिल्लातहमा निर्णय हुन सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "हाम्रो माग र आवाजलाई केन्द्रसम्मै पुऱ्याउनुपर्छ, अब बन्द गरेर मात्र हुँदैन ।" व्यवसाय निर्वाधरुपमा चल्न दिनका लागि सङ्घले जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकमा कुरा उठाउँदै आएको उहाँको भनाइ छ। व्यवसायी पलायन हुने, श्रमिकले रोजगारी गुमाउने र आर्थिक क्षेत्र नै तहसनहस हुने स्थिति आउने हो कि भन्नेमा उहाँको चिन्ता छ।

महिनौँसम्म कारोबार ठप्प हुँदा कतिपय व्यवसाय उठ्नै नसक्ने गरी थलिएका छन् । ऋणको किस्ता, ब्याज र भाडाको भारले कहिलेसम्म व्यवसायीलाई थिच्ने हो कुनै ठेगान छैन । निषेधाज्ञा खुकुलो हुँदा यसो व्यावसायिक क्षेत्रले बौरने लक्षण देखाउने गरेपछि सङ्क्रमण उकालो लाग्दा पुनः प्रतिबन्ध खेप्नु परिरहेको छ। निषेधाज्ञाले मात्र पनि महामारी पूरै थामिने सङ्केत छैन । यसको चक्र लामो सयमसम्म चल्ने देखिन्छ। के अब निषेधाज्ञा थपिनै रहने कि, नयाँ विकल्पमा जाने ? भन्ने प्रश्न सतहमा आएको छ । निषेधाज्ञा हुँदा सबैभन्दा बढी गरी खाने वर्ग र व्यवसायी मार पर्छन् । जनस्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गराएर व्यापार, व्यवसायलाई पूर्ववत्‌रुपमा खोल्नुपर्नेमा व्यवसायी एकमत छन्।

यहाँ अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या २२३ छ । दुई साताअघि त्यस्ता सङ्ख्या बढेर ७०० नाघेको थियो । अहिले यो सङ्ख्या क्रमशः घट्न थालेको छ। सङ्क्रमण दर घटेसँगै निषेधाज्ञा खोलिएको छ। कुन दिन फेरि सङ्क्रमण बढ्छ र व्यवसायीले सटर लगाउनुपर्ने हो, जानकारी छैन।

# 'बिजुली छैन भोलि आउनू'

–सन्तोष गौतम
म्याग्दी, १४ भदौ (रासस)

विद्युत् आपूर्तिको वैकल्पिक व्यवस्था नहुँदा जिल्ला प्रशासन कार्यालयको सेवा प्रभावित हुन थालेको छ।

जिप्रकामा जडान भएको इन्भर्टर, ब्याट्री र सोलार सेटले काम गर्न छाडेपछि केन्द्रीय प्रसारण लाइनको विद्युत् आपूर्ति नभएका अवस्थामा सेवा पनि बन्द हुन थालेको हो । विद्युतीय उपकरणको प्रयोग र इन्टरनेटको सहायताले गरिने सबै काम ठप्प हुने गरेको सहायक प्रमुख जिल्ला अधिकारी सुवास शर्मा पौडेलले बताउनुभयो । "अधिकांश काम कम्प्युटर र इन्टरनेटबाट गर्नुपर्छ", उहाँले भन्नुभयो, "विद्युत् आपूर्ति नहुँदा समस्या भएको छ।" आइतबार अपराह्न झरी परिरहेका अवस्थामा कार्यकक्षमा अँध्यारो भएपछि उहाँ मोबाइलको टर्च बालेर कागजपत्र प्रमाणित गर्दै हुनुहुन्थ्यो।

कम्प्युटरमा टाइप गर्न बिजुली नभएपछि अन्य कर्मचारीले अतिआवश्यक काम हातले लेखेर गरिरहेका थिए। बागलुङ र पर्वतका सिमानामा पोल ढल्दा आइतबार दिउँसो १ देखि ५ बजेसम्म म्याग्दीमा विद्युत् आपूर्ति बन्द भएको थियो । जिल्लामा विद्युत् आपूर्ति अनियमित हुने समस्या छ। भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा पर्ने रघुगङ्गा गाउँपालिका-८ कुइनेमङ्गलेबाट श्रीमतीको नागरिकता बनाउन आउनुभएका ताराप्रसाद छन्त्यालले समयमा काम नहुँदा थप दुई दिन बेनी बस्नुपर्ने अवस्था आएको गुनासो गर्नुभयो। "सानो बच्चासहित श्रीमतीलाई लिएर मध्याह्न १२:३० मा आएका थियौँ", उहाँले भन्नुभयो, "बिजुली छैन भनेर दिनभरि काम गरेनन् । आज बिदा छ । आइतबारै काम सकेर फर्कने योजना थियो । मङ्गलबारसम्म बेनी बस्नुपर्ने भयो ।" जनजातिको प्रमाणपत्र बनाउन आएकी मालिका गाउँपालिका-५ देवीस्थानकी हेमा रानामगरले दिनभरि कुरेर काम नभएपछि त्यसै फर्कनुपरेको गुनासो गर्नुभयो। "बिजुली छैन भनेर काम गरेनन्, वैकल्पिक व्यवस्था रहेनछ", उहाँले भन्नुभयो, "यस्तो महत्वपूर्ण कार्यालयमा विद्युत् आपूर्तिको विकल्प नगर्दा नागरिकलाई सास्ती भयो ।" नागरिकताको प्रतिलिपि बनाउन आएका देवीस्थानकै सुरत पुनले पनि कामै सम्पन्न नभई फर्कनुपरेको गुनासो गर्नुभयो । नागरिकता वितरण, सिफारिस, संस्था दर्ता, नवीकरणलगायतका काम लिएर प्रशासनमा पुग्ने सर्वसाधारण मर्कामा परेका छन् । संवेदनशील विषयमा हुने सूचना आदानप्रदान गर्न पनि समस्या भएको कर्मचारीले बताएका छन् । करिब एक महिनादेखि विद्युत् आपूर्तिमा समस्या भएको बताइएको छ। विसं २०७६ मा जडान गरिएको सोलार, ब्याट्री र इन्भर्टर बिग्रिएपछि समस्या भएको प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले बताउनुभयो। "वारेन्टीको म्याद अझै दुई वर्ष रहेछ । आपूर्तिकर्तालाई तत्कालै मर्मत गर्न निर्देशन दिएका छौँ", उहाँले भन्नुभयो, "सोलारबाट चार्ज गरेर ब्याट्री र इन्भर्टर बनाउन घाम नलागेपछि प्राविधिक हिसाबले समस्या भयो।"

# स्व पत्रकार बानियाँको स्मृति अक्षयकोषमा सहयोग

पोखरापत्र संवाददाता
तनहुँ, १४ भदौ

नेपाली कांग्रेसका युवा नेता श्याम मौरतीले नेपाल प्रेस युनियन तनहुँले स्थापना गरेको पत्रकार बलराम बानियाँ स्मृति पत्रकारिता अक्षयकोषमा रकम हस्तान्तरण गर्नुभएको छ।

पत्रकार बानियाँको वार्षिक पुण्यतिथिमा आज नेता मौरतीले रु १० हजार १५० नेपाल प्रेस युनियन तनहुँका अध्यक्ष अमरराज नहर्कीलाई दमौलीमा हस्तान्तरण गर्नुभएको हो। सो अवसरमा मौरतीले कर्मचारीतन्त्रमा मौलाएको भनसुन, बेथिति, विकृति भ्रष्ट्राचारका विरुद्ध तथा सुशासनको पक्षमा पत्रकार बानियाँ लेखेर कहिल्यै नथाक्ने व्यक्ति रहेको स्मरण गर्नुभयो। नेता मौरतीले समाचार लेखेका कारण मानसिक तनाव बानियाँले भोग्न बाध्य भएको बताउनुभयो। बानियाँ निर्भीक पत्रकार भएको उल्लेख गर्दै मौरतीले अक्षयकोषले भावी पुस्तालाई उहाँले पुऱ्याएको योगदानको बारेमा जानकारी लिन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

युनियनले पत्रकार बानियाँका परिवारजन, आफन्तजनका साथै स्वदेश तथा विदेशमा रहेका शुभेच्छुकबाट रकम सङ्कलन गरी अक्षयकोषको रकम वृद्धि गर्दै लैजाने कार्य गरिरहेको छ। पत्रकार बानियाँका दाइ भानु-१३ का वडाध्यक्ष रामबहादुर बानियाँले गत चैत ३ गते युनियनलाई रु २० हजार नगद हस्तान्तरण गर्नुभएको थियो।

बानियाँ कान्तिपुर दैनिकमा सहायक सम्पादक हुनुहुन्थ्यो । बानियाँको शव विसं २०७७ साउन २७ मा मकवानपुरको सिस्नेरीस्थित माण्डो हाईड्रोपावरमा फेला परेको थियो । बानियाँ दुई दशकभन्दा पहिलादेखि पत्रकारितामा सक्रिय हुनुहुन्थ्यो । पत्रकारबानियाँभानुनगरपालिका-१३ मिर्लुङमा विसं २०२७ मा जन्मिनुभएको थियो।

# तनहुँ जलविद्युत् आयोजनाको कामप्रति जनप्रतिनिधिको चासो

पोखरापत्र संवाददाता
दमौली, १४ भदौ

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको कामप्रति तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य केदार सिग्देलले चासो व्यक्त गर्नुभएको छ। आयोजनाको काममा भइरहेको ढिलाइप्रति चासो व्यक्त गर्दै सांसद सिग्देलले आज आयोजनाको कार्यालयमा पुगेर हालसम्मको प्रगतिका बारेमा जानकारी लिनुभएको हो । जिल्लाको समृद्धिसँग गाँसिएको आयोजनाको काम समयमा नै सम्पन्न नहुने भएपछि सांसद सिग्देलले कामलाई तीव्रता दिन अनुरोध गर्नुभएको छ।

आयोजना प्रमुख अच्युत घिमिरेले आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहण गरेर काम अगाडि बढाइएको जानकारी दिनुभयो। पूर्वाधार संरचना अन्तर्गत क्याम्प निर्माण, विद्युत् सवस्टेशन, पहुँच मार्ग निर्माण र सेती नदीमा पुल निर्माण कार्य शतप्रतिशत सम्पन्न भएको उहाँले बताउनुभयो।

पटकपटक ठेक्का हुने तर काम नहुने भएपछि पछिल्लो पटक सोङदा र कालिका जेभी भियतनामसँग २२ मार्च २०२१ मा सम्झौता भएर ३० अगष्ट २०२१ बाट काम सुरु गर्ने भनिए तापनि कोभिड र अन्य प्राविधिक कारणबाट काम शुरु नभएको आयोजना प्रमुखले जानकारी दिनुभयो । "वर्गीकरण गरेर काम गरिएको भए तापनि जग्गा अधिग्रहण, पूर्वाधार निर्माण मात्र सम्पन्न भएको र अन्य मुख्य आयोजना भने सुरु भएको छैन," उहाँले भन्नुभयो, "ठेकेदार कम्पनीले समयमा काम नगरिदिँदा आयोजनाले सोचेअनुरुप गतिलिन सकेन ।" आयोजनाको मुख्य काम शुरु नभएकाले यसले जनतामा र सरकारमा समेत नराम्रो सन्देश गएको सांसद सिग्देलले बताउनुभयो । "राष्ट्रिय गौरवको आयोजनामा ढिलाइ हुँदा यसले सिङ्गो देशमा नै असर गर्दछ," उहाँले भन्नुभयो । समस्याको नीतिगत समाधानमा आफूले जनप्रतिनिधिको हैसियतमा भूमिका खेल्ने उहाँले बताउनुभयो।

"सांसदको हैसियतले मेरो सहयोग पूर्ण रुपमा रहनेछ, नीतिगत, आर्थिक र अन्य सहयोगमा मेरो प्रत्यक्ष सहयोग रहनेछ, तर समयमा काम पूर्ण गर्नतिर लाग्नुहोस्," उहाँले भन्नुभयो । ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन आयोजनामा हालसम्म तीन वटा सुरुङ निर्माण सकिएको छ। ४३७.१ मिटर लामो सर्च ट्र्याङ्क जाने पहुँच सुरुङ साउन १५ गते, २८०.८५ मिटर लामो मुख्य पहुँच सुरुङ असार २ गते र बाँधस्थल जाने ३१४ मिटर लामो पहुँच सुरुङ जेठ २१ गते पूरा भएको छ । आयोजनाको मुख्य काम नदी फर्काउने, बाँध निर्माण लगायतका पहिलो प्याकेजको कामका लागि आयोजनाले सोङदा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन (प्र.) लि. नेपाल जेभीसँग सम्झौता गरेको थियो । आयोजनाले ती कम्पनीसँग पहिलो प्याकेजका लागि रु १६ अर्ब ६२ करोड (प्रोभिजनल सम र मूल्य अभिवृद्धि करबाहेक)मा सम्झौता गरेको थियो । ठेकेदार कम्पनीले खरिद सम्झौता कार्यान्वयनमा आएको ५७ महिनाभित्र निर्माणकार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ।

आयोजनाको प्याकेज १ (हेडवर्क्स) निर्माण कार्यका लागि निर्माण कम्पनी सिएमसी डि राभेना, इटालीसँग विसं २०७५ असोज १५ मा सम्पन्न खरिद सम्झौता रद्द भए पश्चात् कम्पनीले विसं २०७६ वैशाख १२ गते पुनः बोलपत्र आह्वान गरेको थियो । कम्पनीले उक्त बोलपत्र प्रक्रियामा प्राप्त कुनै पनि प्राविधिक बोलपत्र सारभूत रुपमा प्रभावग्राही हुन नसकेकाले सबै बोलपत्र अस्वीकृत गरी एशियाली विकास बैंकको खरिद निर्देशिकाअनुरुप विसं २०७६ फागुन १६ गते दोस्रो पटक पुनः बोलपत्र आह्वान गरेको थियो । आयोजनाले सामाजिक उत्तरदायित्व वहन अन्तर्गत खानेपानी, बाटो निर्माण गरिरहेको छ। साथै विद्युत् सेवा नपुगेका ग्रामीण भेगमा विद्युतीकरणको कार्यक्रम पनि आयोजनाले सञ्चालन गरिरहेको छ । यस्तै भीमाद नगरपालिकामा रहेको जनज्योति क्याम्पसको भवनमा तला थप गर्नका लागि पनि आयोजनाले सहयोग गरेको छ।

आयोजनामार्फत् नै तनहुँका विभिन्न ठाउँमा विद्युतीकरणको काम समेत अगाडि बढेको छ । आयोजनामार्फत् जिल्लाका घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी र देवघाट गाउँपालिकाका विद्युत् नपुगेका घरधुरीमा विद्युतीकरण गरिनेछ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले ८ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# छाब्दीमा आएको बाढीले डाइभर्सन बगायो

पोखरापत्र संवाददाता
तनहुँ, १४ भदौ

व्यास नगरपालिका-१ र १३ जोड्ने छाब्दी खोलामा निर्माण गरिएको डाइभर्सन बगाएको छ । केही दिनदेखि परेको अविरल वर्षाका कारण छाब्दी खोलामा आएको बाढीले त्यहाँ निर्माण गरिएको डाइभर्सन बगाएको हो।

गत असार १७ गते आएको बाढीले पक्की पुल भत्काएपछि नगरपालिकाले उक्त ठाउँमा असार २७ गतेदेखि अस्थायी डाइभर्सन बनाएर यातायात सञ्चालन गराइएको थियो । केही दिनदेखि परेको वर्षापछि आएको बाढीले डाइभर्सन पनि बगाएपछि यातायात पूर्ण रुपमा ठप्प भएको छ । उक्त ठाउँमा बेलिब्रिज जडानका लागि पूर्वाधार निर्माणको काम भइरहेको छ । दुवैतर्फ जीप निर्माण सम्पन्न भइसकेको छ।

# मनसुन कमजोर हुँदै

रासस
काठमाडौं, १४ भदौ

विगत केही दिनयतादेखि सक्रिय रहेको मनसुन क्रमशः कमजोर हुँदै जाने भएको छ । पूर्वी तराईको भूभाग नजिक रहेको मनसुनको न्यून चापीय रेखा सोमबारदेखि नेपालबाट बाहिरिने क्रम सुरुआत भएकासँगै मनसुन विस्तारै कमजोर हुँदै जाने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् राजु प्रधानाङ्गले जानकारी दिनुभयो।

हाल देशभर सामान्यदेखि पूर्ण बदली रही गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम १९ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २१ दशमलव तीन डिग्री सेल्सियस छ।


## शिक्षक आवश्यकता

श्री मादी गाउँपालिकाको मिति २०७८/०५/१३ र चलानी न. १२९ को शिक्षक पदपूर्ती अनुमति पत्र र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको २०७८/०५/१४ को निर्णय अनुसार यस विद्यालयको लागि तपशिलको विषय, श्रेणी र तहमा शिक्षकको आवश्यक परेका हुनाले योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**
**विषयः नेपाली** **पदः करार शिक्षक**
**तह र श्रेणी : मा.वि. तृतीय तह**
**योग्यता– सम्बन्धित विषयमा न्यूनतम स्नातक गरेको हुनुपर्ने।**
**४० वर्ष ननाघेको**
**तलबः नेपाल सरकारको प्रचलित ऐन अनुसार**
**आवश्यक कागजातहरुः**
- **नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान**
- **शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान**
- **स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान**


**दरखास्त दिने मितिः २०७८/०५/१४ देखि २०७८/०५/२८ गतेसम्म**
**निवेदन दिने स्थानः श्री दुधपोखरी मा.वि. (विहान १० बजेदेखि ४ बजेसम्म)**
**परीक्षाको किसिमः लिखित र अन्तवार्ता**
**परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ।**
**सम्पर्क मितिः २०७८/०५/२८**
**निवेदन दस्तुरः रु १५००।–**
**सम्पर्क नं.: ९८४८११७९३४, ९८२४१३४६७०**

**श्री दुधपोखरी माध्यमिक विद्यालय**
**मादी गाउँपालिका वडा नं. १, सौंधा, कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्मः**
**वि. सं. २००४/०२/०९ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०५/०३ गते**

**स्वः हरिप्रसाद मर्सानी**

**यस समितिका आजीवन सदस्य, पूर्व कार्यसमिति सदस्य तथा श्री सुजित मर्सानी तथा श्री सुमन मर्सानीज्यूको प्रातः स्मरणीय श्रद्धेय पिताजी हरिप्रसाद मर्सानीको ७४ वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनुभएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति श्री भैरवनाथले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**तिर्थमान प्रधानाङ्ग**
**अध्यक्ष एवं**
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**
**पोखरा**